नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ०९३-४२०२१४ 📠 ०९३-४२००१४
daodarchula@moha.gov.np
daodarchula.moha.gov.np
facebook.com/daodarchula/
District Administration St, Api 10100
खलंगा, दार्चुला

प.सं. ०७८।७९
च.नं.

मितिः- २०७८।१२।२३

## उपभोक्ता महानुभावहरुमा हार्दिक अनुरोध

**उपभोक्ता महानुभावहरुले बजारबाट दैनिक जिवनमा आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्दा उपभोक्ता संरक्षण ऐन, २०७५ तथा उपभोक्ता संरक्षण नियमावली २०७६ अनुसारका निम्न व्यवस्थाहरुका बारेमा जानकार तथा सचेत भएर सामान खरिद गर्नहुन जिल्ला प्रशासन कार्यालय दार्चुला हार्दिक अनुरोध गर्दछ ।**

- पसलमा पसलको नामखुल्ने गरि साईनबोर्ड र मिति सहितको मुल्यसूचि राखिएको छ छैन ? यकिन गरौ र यदि छैन भने त्यस्तो पसलबाट सके सम्म सामान गरिद नगरौ ।
- कुनै पनि सामानमा उल्लेख गरिएको अधिकतम खुद्रा मुल्य (MRP) भन्दा बढि मुल्य तिरेर सामान खरिद नगरौ। यदि कसै बिक्रेताले MRP भन्दा बढि मुल्य मागेर सामान बेच्न खोजिरहेको छ भने तुरुन्तै उजुरी गरौ ।
- कुनै पनि सामानमा उत्पादकको नाम, ठेगाना, ब्याच नम्बर, उत्पादनको नाम र उपभोग्य मिति भएको लेबल (लेखिएको विवरण) हेरेर मात्र सामान खरिद गरौ । यसरी लेबल नभएको तथा उपभोग्य मिति सकिएको सामान हरु खरिद नगरौ र कुनै पसलमा यस्तो सामाग्रि बिक्री गर्न राखिएको भेटिएमा तुरुन्तै उजुरी गरौ ।
- उत्पादन मिति, उपभोग्य मिति नभएको, केरमेट गरिएको वा पुन:लेबलिङ्ग गरिएको सामान नकिनौ ।
- बस्तुको उत्पादन गर्दा प्रयोग गरिएका कच्चा पदार्थको विवरण, भण्डारण विधि तथा उपयोग गर्ने तरिका उल्लेख गरिएको छ छैन जाँच गरौ । यदि कच्चा पदार्थमा स्वास्थ्यमा प्रतिकुल हुने सामाग्रि छ भने, भण्डारण गर्दा लेखिए अनुसार गरिएको छैन भने र विशिष्टिकृत (तोकीए अनुसार प्रयोग नगर्दा स्वास्थ्यमा असर गर्ने खालका) सामानहरुमा उपयोग विधि दिइएको छैन भने त्यस्तो सामानहरु नकिनौ ।

- हरेक पटक सामान गरिद गर्दा अनिवार्य रुपमा प्यान/भ्याट बील लिने बानी बसालौं । बील नमाग्दा सामान सस्तोमा पाईन्छ, बील माग्दा थप रकम तिर्नुपर्छ, सामानको मूल्य बढ्छ जस्ता भ्रमहरुमा नपरौ । MRP मै सबै करहरु समाबेश हुने भएकाले बील नमाग्दा सामान सस्तो र बील माग्दा महंगो हुने भ्रम मात्रैहो । त्यसैले सामान खरिद गरेपछि अनिवार्य रुपमा प्यान/भ्याट बील मागौं । बिक्रेताले यदि सामानको बील दिन आनाकानी गरेमा सामान खरिद नगरौ र तुरुन्तै उजुरी गरौं।
- दर्ता गरिएका पसलहरु वा फर्महरुबाट मात्रै सामान खरिद गरौं ।
- उपभोक्तालाई यदि खरिद गरिएको बस्तु चित्त नबुझि फिर्ता गर्नु परेमा ७ दिन भित्र बिक्रेता समक्ष फिर्ता गर्न वा सोहि सामानको मूल्य बराबरको अर्को बस्तु खरिद गर्न वा बस्तु खरिद गर्दा तिरेको रकम बराबरको रकम फिर्ता लिन पाउने अधिकार हुन्छ ।
- आफू सित प्रत्यक्ष सम्बन्धित भएको वा नभएको जुनसुकै विषयमा पनि उपभोक्ता हरुलाई हानीहुने कुनै कार्य भएको जानकारी पाउनु भएको छ भने त्यस्को उजुरी गरौं वा सम्बन्धित निकायमा जानकारी गराउँ । यो यस्तै त हो नी । कसैले केहि गर्ने वाला छैन यहाँ भन्ने नसोचौ र आवाज उठाऔं, गुनासो गरौं, सुचना सम्बन्धित निकायमा पुर्याऔं।
- आफूले जानेका, सुनेका उपभोक्ता हक अधिकारका विषयहरु आफ्नो परिवार, छर छिमेक तथा वरपरका व्यक्तिहरुलाई समेत सिकाऔं र व्यवहारमा लागु गरौं ।

✓ **उपभोक्ता हक संरक्षणका सम्बन्धमा गुनासो, उजुरी वा कुनै जानकारी लिनु/दिनु परेका यस कार्यालयमा स्वयम् उपस्थित भएर वा फोनबाट, फेसबुकबाट, ईमेलबाट समेत सम्पर्क गर्न सकिन्छ ।**

**कार्यालय:** जिल्ला प्रशासन कार्यालय, दार्चुला ।

**कर्मचारी:** सहायक प्रमुख जिल्ला अधिकारी हेमन्ती साउँद

**मोबाइल नं.: ९८४०६२७७६३**

**फोन नं.: ०९३४२००१७**

**फेसबुक:** हेल्लो जिल्ला प्रशासन दार्चुला

**ईमेल:** daodarchula@gmail.com